## <u>२०७७ फागुन १० गतेको</u>

## <u>आठौं नगर सभाको प्रथम अधिवेशनको निर्णयहरु</u>

<u>निर्णय नं.१</u>

यस नगरसभामा नगरकार्यपालिकाबाट स्वीकृतिका लागि पेश भएका प्रस्तावित ऐन, नियम, कार्यविधि, मापदण्डहरु, संशोधन तथा अन्य विषयहरु उपर वृहत छलफल पश्चात उक्त प्रस्तावहरु उपर पूनः छलफलका लागि नगरसभाको अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.२</u>

चालु आ.व २०७७/०७८ को आठौं (हिउँदे) नगरसभाको दोस्रो अधिवेशनको बैठक यहि मिति २०७७ फागुन १७ गते दिनको ३:०० बजे नयाँबजार स्थित कृष्ण क्याटरिङ्गको सभाहलमा बस्ने निर्णय गरियो ।

# २०७७ फागुन १७ गतेको
# आठौं नगर सभाका नीतिगत निर्णयहरु

निर्णय नं. १

यस नगरपालिकाको विधायन समितिबाट तयार भै नगरकार्यपालिकाबाट स्वीकृतिका लागि यस नगरसभामा पेश भएका तपशिलका ऐन, कार्यविधि एंव मापदण्डहरु उपर छलफल गरी सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

(क) कीर्तिपुर नगरपालिका विनियोजन ऐन (संशोधन सहित), २०७७
(ख) स्थानीय वन विधेयक, २०७७

निर्णय नं. २

हालसम्म यस नगर कार्यपालिका, नगर प्रमुख र नगर कार्यपालिका कार्यालयबाट भएका निर्णयहरुको अनुमोदन गरियो ।

निर्णय नं.३

नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रत्याभूत गरेको क्षेत्राधिकारको परिधिभित्र रहेर आफ्नो परिबेश सुहाउदो स्थानीय सरकारले आफ्ना काम कार्वाहीहरुलाई सरल, सहज, प्रभावकारी, पारदर्शी र जनउत्तरदायी बनाउने उदेश्यका खातिर ऐन, नियम, कानून र निर्देशिकाहरु बनाउन अपरिहार्य हुने हुदा त्यसको सहजिकरणका लागि यस नगर कार्यपालिकाबाट बिधेयक समितिको गठन भई क्रियाशिल रहेको अवस्थामा उक्त समितिलाई यस नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.४

यस नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिले, सेवा शुल्क, कर दस्तुर, संशोधित आर्थिक ऐन २०७७ आगामी आ.व. २०७८/७९ का लागि आन्तरिक श्रोत तर्फको राजश्व प्रक्षेपण लगायतका विषयमा गरेको निर्णयहरुको अनुमोदन गरियो ।

निर्णय नं. ५

कीर्तिपुर नगरपालिका र चन्द्रागिरी नगरपालिका अन्तर्गत कीर्तिपुर नगरपालिका वडा नं. ४ र चन्द्रागिरी नगरपालिका वडा नं. ९ को सिमाना क्षेत्रको भूगोल र सीमानामा रहेको अन्यौल र अस्पष्टता सम्बन्धि अध्ययन गर्नका लागि गठित कार्यदलले विभिन्न मितिमा बैठक, छलफल, बहस र अन्तरक्रिया सहित स्थलगत निरक्षण सहित तयार गरी हस्तान्तरण भएको प्रतिवेदनलाई अनुमोदन गर्ने र सो अनुसार दुई नगरपालिकाको सीमाना निर्धारण गर्नका लागि सम्बन्धित निकायमा सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरलाई "**बालमैत्री नगर**" घोषणा गर्ने नगरपालिकाको योजना रहेकोमा यसै क्रममा चालु आ.व. २०७७/७८ मा नमुनाको रुपमा वडा नं ७ का वडा अध्यक्ष श्री राजकुमार मालीको संयोजकत्वमा सो सम्बन्धी कार्यविधि अनुरुप सरोकारवालाहरु सम्मिलित गरी वडा स्तरमा बालमैत्री स्थानीय समिति गठन गरी सम्पूर्ण कार्यहरु अगाडी बढाई सकेको अवस्थामा यस नगरपालिका अन्तर्गतको सम्पूर्ण वडाहरुलाई समेत बालमैत्री वडा बनाउनका लागि सो सम्बन्धी संपूर्ण सूचना, तथ्यांक संकलन र प्रक्रियामा पुऱ्याई घोषणाका लागि नगर कार्यपालिकामा पेश भएपछि प्रचलित कानुन अनुसार नगर कार्यपालिकाबाट सो उपर छानबिन गरी प्रचलित कानुन अनुसार सम्पूर्ण वडालाई नै "**बालमैत्री वडा**" घोषणा गर्ने र आवश्यक तयारी गरी नगरलाई " बालमैत्री नगर " घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०७२ सालमा आईसकेपछि सो को अभ्यास स्वरूप हाल देशमा ३ तहको सरकार क्रियाशिल रहेको र नेपाल सरकारले कर्मचारी समायोजन ऐन, २०७५ कार्यान्वयन गर्ने क्रममा निजामति सेवाका कर्मचारीहरु मात्र समेटिएकोले यस नगरपालिकामा समेत नेपाल सरकारबाट विभिन्न पदमा समायोजन भै आईसकेको परिप्रेक्षमा यस नगरपालिकाको स्थापना काल २०५३ चैत्र १४ गते पछि र सो को लगतै पछि यस नगरपालिकाको स्वीकृत स्थायी दरबन्दीको पदहरूमा सेवारत कर्मचारीहरूको समायोजन नभएको हुँदा साबिक स्थानीय निकायका कर्मचारीहरूलाई प्रोत्साहन तथा उत्प्रेरणा बढाइ उनीहरूको मनोवल उच्च पारी यस नगरपालिकाको समग्र सेवा प्रवाह र कार्य सम्पादनमा अपेक्षित उपलब्धि पुरा गर्न सकियोस् भन्ने अभिप्रायले विधायन समितिबाट तयार भई नगरकार्यपालिका बैठकबाट पेश हुन आएको १ अनुसूची सहित ११ दफा रहेको **"कीर्तिपुर नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरूको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ "** उपर दफा बार छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस नगरपालिकाको चालु आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र योजनाहरु निर्धारित समयमै गुणस्तरीय रुपमा सम्पन्न गर्न नगरकार्यपालिका र नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस नगरपालिकाको आठौं नगरसभालाई सफलताका साथ संचालन तथा सम्पन्न गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण नगरसभा सदस्य, कर्मचारी तथा आम जनसमुदायमा हार्दिक धन्यबाद ज्ञापन गर्ने निर्णय गरियो ।